# माछापुच्छ्रे बैंक लिमिटेडको
# बाईसौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

## १. वैधानिक सभा :

माछापुच्छ्रे बैंक लिमिटेडको मिति २०७७/०६/१४ गते बसेको संचालक समितिको ४२९ औं वैठकको निर्णयानुसार मिति २०७७/०६/१५ र १६ गते सार्वजनिक सूचना प्रकाशित गरी मिति २०७७/०७/६ गतेको लागि बोलाईएको बैंकको बाईसौं वार्षिक साधारण सभा मिति २०७७/०६/३० गते वसेको संचालक समितिको ४३२ औं वैठकको निर्णयबाट स्थगित गरिएकोमा मिति २०७७/०८/१२ गते बसेको संचालक समितिको ४३४ औं वैठकको निर्णयानुसार मिति २०७७/०८/१५ र मिति २०७७/०८/२६ गते पूनः सार्वजनिक सूचना प्रकाशित गरी उक्त स्थगित भएको बैंकको बाईसौं वार्षिक साधारण सभा मिति २०७७/०६/१५ र १६ गते प्रकाशित सूचनामा तोकिएका विषयहरुमा नै छलफल तथा निर्णय गर्न भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत समेत सहभागि हुन सकिने गरी कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्ध-पत्र र नियमावली बमोजिम बैंकका सञ्चालक समितिका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोज्यूको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय :

**मिति** : २०७७ साल पौष २ गते (तद्नुसार १७ डिसेम्बर, २०२०), बिहीबार ।
**समय** : विहान ११:०० बजे ।
**स्थान** : होटल पोखरा ग्राण्ड, पार्दि, पोखरा, कास्की ।

## ३. उपस्थिति :

**सञ्चालकहरुको उपस्थिति :**

(क) डा. बिरेन्द्र प्रसाद महतो - अध्यक्ष
(ख) श्री रोशन के.सी. - सञ्चालक
(ग) श्री गोपीकृष्ण न्यौपाने - सञ्चालक
(घ) श्री मुकुन्द महत - सञ्चालक /लेखापरीक्षण समितिका संयोजक
(ङ) श्री विश्व प्रकाश गौतम - सञ्चालक

(संचालक श्री हरिभक्त सिग्देलज्यू पूर्व निर्धारित अन्त्यन्त जरुरी कार्यको कारणले साधारण सभामा उपस्थित हुन नसक्ने व्यहोरा अध्यक्षज्यू मार्फत साधारण सभालाई जानकारी गराई अनुपस्थित रहनु भएको ।)

**व्यवस्थापनका पदाधिकारीहरुको उपस्थिति :**

(क) श्री सन्तोष कोईराला - प्रमुख कार्यकारी अधिकृत
(ख) श्री सर्जु कुमार थापा - नायव महाप्रबन्धक व्यवसाय
(ग) श्री विश्वम्भर न्यौपाने - नायव महाप्रबन्धक संचालन
(घ) श्री टिका भट्टराई - कम्पनी सचिव
(ङ) श्री समिरजंग रायमाझी - सामान्य प्रशासन विभाग प्रमुख
(च) श्री सुभाष जमरकट्टेल - प्रमुख कर्पोरेट तथा पूर्वाधार कर्जा विभाग
(छ) श्री खगेन्द्र पौडेल - नायव प्रमुख, वित्त तथा योजना विभाग

Machhapuchchhre Bank Ltd. Head Office

**आमन्त्रितहरूको उपस्थिति :**

(क) श्री बालकृष्ण ढकाल - कानुनी सल्लाहकार
(ख) श्री रतन साउद - जि.पी. राजवहाक एण्ड कम्पनी, लेखापरीक्षक
(ग) श्री गोविन्द कुमार श्रेष्ठ - निर्वाचन अधिकृत

**सेयरधनीहरुको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| (क) | स्वयं उपस्थित | - | ५० जना |
| (ख) | प्रतिनिधिपत्रद्वारा उपस्थित | - | ७७ जना |
| (ग) | भिडियो कन्फ्रेन्स् मार्फत | - | ७९ जना |
| | **जम्मा उपस्थिती** | - | **२०६ जना** |

४. **सभाको सुचना :**

बाईसौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना तथा संचालक समितिको प्रतिवेदन, आ.ब. २०७६/७७ को वार्षिक आर्थिक विवरण लगायतका आवश्यक सम्पूर्ण विवरणहरु सहितको वार्षिक प्रतिवेदन तथा सभामा छलफल गरिने विषयहरु सेयरधनीहरुले बैंकलाई उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै संक्षिप्त आर्थिक विवरण सहितको वार्षिक साधारण सभाको सूचना मिति २०७७ आश्विन १५ गतेको आर्थिक अभियान, आश्विन १६ गतेको राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो भने स्थगित भएको बाईसौ वार्षिक साधारण सभा हुने सम्बन्धमा मंसीर १५ गतेको नयाँ पत्रिका दैनिक र मंसीर २६ गतेको आर्थिक अभियान दैनिकमा प्रकाशित भएको थियो । यसै गरी पोखराबाट प्रकाशित हुने आदर्श समाजमा दैनिक मंसीर ३० गते र समाधान दैनिकमा पुस १ गते प्रकाशित गर्नुका साथै बैंकको वेब साईट www.machbank.com मा समेत राखी सेयरधनी महानुभावहरुलाई सार्वजनिक रुपले सूचित गरिएको थियो । साथै, साधारण सभाको सूचना तथा संचालक समितिको प्रतिवेदन सहितको विस्तृत वार्षिक प्रतिवेदन उपलब्ध भएसम्म सेयरधनीहरुको ईमेल ठेगानामा समेत पठाईएको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने ।
३. आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरिक्षक जि.पि राजवहाक एण्ड कं. कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(३) बमोजिम पुन: नियुक्ती हुन सक्नु हुने छैन ।)
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम रु.२८,५०,६४,७४४.०० (अर्थात चुक्ता पूँजीको ३.३७ प्रतिशतका दरले) नगद लाभांश (बोनस सेयर तथा नगद लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्वीकृत गर्ने ।
५. सर्वसाधारण समूहका सेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३(तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।



Machhapuchchhre Bank Ltd. Head Office

**ख. विशेष प्रस्ताव :**

१. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार सेयरधनीहरुलाई रु.५९,४६,१६,९३१.०० ( अर्थात चुक्तापूँजीको ७.०३ प्रतिशत) बराबरको बोनस सेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न वा प्राप्ती (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लाग मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, बैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. निम्न विषयहरुका सम्बन्धमा बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने,

(क) विषेश प्रस्ताव नं १ बमोजिम जारी गरिने बोनस सेयरको हदसम्म जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्ने,

(ख) परिवर्तित सन्दर्भमा प्रचलित कानून बमोजिम समय सान्दर्भिक संशोधन गर्ने ।

**ग. बिविध ।** (विविध अन्तर्गत केही विषय नभएको)

## ६. गणपुरक संख्या, सभाको बैधानिकता :

| कुल सेयरधनीको संख्या | जम्मा उपस्थित संख्या (स्वयं तथा प्रतिनिधिपत्रद्वारा) | जम्मा सेयरको प्रतिनिधित्व (संख्यामा) | बाँडफाँड भएको सेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| ४१,५७८ (क-ख समुह) | २०६ (स्वयं ५० जना, प्रतिनिधिपत्रद्धारा ७७ जना र भिडियो कन्फ्रेन्स् मार्फत ७९) | ४५९,७४,६३१ | ५४.३५% |

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम सेयरधनीहरुलाई सभा सम्बन्धी सूचना दिइएको तथा कम्पनी ऐनको दफा ७३(२) तथा बैंकको नियमावलीमा उल्लेख भए बमोजिम सभामा पचास प्रतिशतभन्दा बढी अर्थात ५४.३५ प्रतिशत सेयरको प्रतिनिधित्व भएको हुँदा सभाको लागि आवश्यक गणपूरक संख्या पुगेकोले सभा संचालन गर्न कानून बमोजिम रित पुगी कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा संचालन गर्न वैधानिक रहेको व्यहोरा सेयरधनी महानुभावहरुलाई अवगत गराएपछि सभाको कार्यक्रम शुरु भयो ।

## ७. सभाको सभापतित्व र सभा संचालन :

साधारण सभाको अध्यक्षता/सभापतित्व गरिदिन कम्पनी सचिवले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा १ एवं बैंकको नियमावलीको नियम ६ को उपनियम (१) अनुरुप सञ्चालक समितिका अध्यक्ष डा. बिरेन्द्र प्रसाद महतोज्यूलाई अनुरोध गर्नु भयो र बैंकको सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नु भयो । प्रचलित कानूनको पालना भएको हुँदा सभाका सभापतिज्यूको अनुमतीले वार्षिक साधारण सभाको काम कारवाही अगाडि बढ्यो ।



Machhapuchchhre Bank Ltd. Head Office

## ८. बैंकका पूर्व अध्यक्ष सुर्य बहादुर के.सी.को निधन प्रति समवेदना :

बैंकका पूर्व अध्यक्ष तथा प्रतिनिधी सभाका माननिय सांसद सूर्य बहादुर के.सी.को यही मिति २०७७/०७/१७ मा असमायिक निधन भएकोले उहाँको आत्माको चीर शान्तिको कामना तथा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै सभामा एक मिनेट मौनधारण गरिएको थियो । साथै उहाँको तस्वीरमा संचालक समितिका अध्यक्षज्यू, संचालकज्यू लगायत सभामा उपस्थित सम्पूर्ण अथितिज्यूहरुले माल्यार्पण एवं पुष्प गुच्छा अर्पण गरी श्रद्धाञ्जली व्यक्त गर्नु भएको थियो ।

## ९. संचालक श्री गोपीकृष्ण न्यौपानेज्यूबाट स्वागत मन्तव्य :

बैंकका संचालक श्री गोपीकृष्ण न्यौपानेज्यूले बैंकको यस बाईसौं बार्षिक साधारण सभामा भौतिकरुपमा, प्रतिनिधिपत्र मार्फत तथा अभौतिक रुपमा सूचना प्रविधिको माध्यमबाट सहभागी हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, आमन्त्रित अथिति महानुभावहरुलाई बैंक तथा संचालक समितिको तर्फबाट हार्दिक स्वागत अभिवादन गर्नु भयो ।

कोभिड महामारीका कारण वार्षिक साधारण सभा गर्न कठिनाई भएको अवस्थामा पनि प्रविधिका कारण केही सजिलो भएको हुँदा शेयरधनी महानुभावहरुबाट भर्चुअल रुपमा नै भएपनि सल्लाह सुझाव प्राप्त हुने अपेक्षा व्यक्त गर्नु भयो । बैंकको शुरुवाती अवस्थाको तुलनामा हाल बैंक निकै सबल भएको र अन्य वाणिज्य बैंकहरुसंग प्रतिस्पर्धा गर्न सक्षम भएको तथा संस्थागत सुशासन, वित्तीय अनुशासन तथा नियमनकारी निकायका निर्देशनहरु परिपालनामा यस बैंक अब्बल रहेको बताउंदै यो सबै सम्पूर्ण कर्मचारी तथा व्यवस्थापनको टिमवर्कका कारण एवं शेयरधनी महानुभावहरुबाट प्राप्त रचनात्मक सहयोग तथा सुझावहरुबाट नै संभव भएको बिचार ब्यक्त गर्नुभयो । सर्वसाधारणको ११३ अर्ब निक्षेप रकम सही रुपमा परिचालन गरी ग्राहक तथा लगानीकर्ता समेतलाई उचित प्रतिफल दिन बैंक समक्ष भएको र बैंकले देशका अधिकांश स्थान हिमाल पहाड तराई तथा सम्पूर्ण प्रदेशमा आफ्नो सेवा विस्तार गरिसकेको बताउनुभयो ।

बैंकको संचालक र संचालक समितिको तर्फबाट बैंकको हितमा गर्नुपर्ने सम्पूर्ण कार्य गर्न तथा शेयरधनीहरुको विश्वासलाई कायम राख्ने कुरमा कुनै कमी आउन नदिन संचालक समिति र बैंक व्यवस्थापन प्रतिबद्ध रहेको बताउंदै यस साधारणसभा मार्फत वा भावी दिनहरुमा समेत सेयरधनी महानुभावहरुले उपलब्ध गराउनु भएका/गराउनु हुने सुझाव सल्लाहलाई शिरोपर गरी अगाडि बढ्ने प्रतिबद्धता समेत ब्यक्त गर्दै सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पुनः यस बार्षिक साधारण सभामा हार्दिक स्वागत गर्नु भयो ।

## १०. सभाका सभापतिज्यूबाट मन्तव्य सहित संचालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती :

सभाको काम कारवाहीलाई अगाडी बढाउने क्रममा सभापति डा. बिरेन्द्र प्रसाद महतोज्यूले आफ्नो मन्तव्य सहित बैंकको सञ्चालक समितिको बार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नु भयो । सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान विवरण र सोही अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरण, सम्बन्धित अनुसूचीहरु लगायत सभामा छलफलका लागि पेश भएका विषयहरु सभापतिज्यूले सभामा प्रस्तुत गर्नुभयो ।



Machhapuchchhre Bank Ltd. Head Office

## ११. वार्षिक प्रतिवेदन तथा प्रस्तावहरुको प्रस्तुती र छलफल :

छलफलको क्रममा भाग लिने निम्न सेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझावहरु सभा समक्ष राख्नु भयो ।

### १. श्री उद्धव प्रसाद घिमिरे

(१) बैंकका पूर्व अध्यक्ष सुर्य बहादुर के.सी.को असामहिक निधन प्रति समवेदना व्यक्त गर्नुभयो ।
(२) कोभिड महामारी बीच बैंकले राम्रो प्रतिफल प्रदान गर्न सफल भएता पनि यसलाई बृद्धि गरी कम्तीमा पनि २० प्रतिशत पुऱ्याउनु पर्ने ।
(३) बैंकको पोर्टफोलियोको आकार बढेको, वासलात उत्कृष्ट रहेको ।
(४) संचालन खर्चमा मितव्ययिता अपनाउनु पर्ने ।
(५) बैंकले समय अनुसार नीति कार्यविधिहरुमा सुधार गर्दै लैजानु पर्ने ।
(६) बैंकको सहायक कम्पनी माछापुच्छ्रे क्यापिटलले पनि राम्रो कार्य गरेको र लाभांश वितरण गर्न सफल भएको ।
(७) बैंकको NPA घटेकोमा खुसी व्यक्त गर्नु भयो ।
(८) दक्ष कर्मचारीहरुको विकास गर्न उचित तालिमको व्यवस्था गर्नु पर्ने ।
(९) डिजिटल बैंकिङ्गमा जोड दिनु पर्ने ।
(१०) कृषि क्षेत्रमा कर्जा प्रवाह बढाउनु पर्ने ।
(११) अन्तमा ग्राहकलाई उचित सुविधा दिन बैंक सक्षम रहने आशा व्यक्त गर्दै बैंकको प्रगतिको कामना गर्नुभयो ।

### २. श्री महेन्द्र बहादुर श्रेष्ठ

(१) कोभिड महामारी बीच सूचना प्रबिधिको माध्यमबाट वार्षिक साधारण सभामा सहभागी हुने मौका दिनु भएकोमा धन्यवाद व्यक्त गर्नु भयो ।
(२) कोभिडका कारण पर्यटन क्षेत्रको लगानीमा केही कठिनाई आएकोले बैंकले लगानी क्षेत्रमा आवश्यक परिवर्तन गर्नु पर्ने ।
(३) स्थानिय उत्पादनहरु प्रबर्धन गर्ने तथा कृषि, स्थानिय जडिबुटी उत्पादनलाई बढावा दिने गरी बैंकिङ्ग व्यवसाय विस्तार गर्नु पर्ने ।
(४) बैंकको सेयर लगानीका दृष्टिकोणले राम्रो रहेको ।
(५) मर्जर तथा एक्विजिशनको सन्दर्भमा बैंकले विशेष गरी विकास बैंकहरुलाई एक्वायर गर्नु उपयुक्त हुने ।
(६) स्थानिय व्यवसायलाई सम्बर्द्धन हुने गरी बैंकले कारोबार विस्तार गर्नु पर्ने ।
(७) बैंकको लाभांश कम्तीमा १५ देखि २० प्रतिशत पुऱ्याउनु पर्ने सुझाव व्यक्त ।
(८) बैंकको उत्तरोउत्तर प्रगतिको कामना गर्नुभयो ।

### ३. श्री शिव प्रसाद पौडेल

(१) हालको कोभिड महामारीको अवस्थामा पनि लाभांश दिन सफल हुन भएकोमा खुसी व्यक्त गर्नु भयो ।
(२) बैंकको सम्पूर्ण शाखामा प्रविधि मैत्री बनाउनु पर्ने धारणा व्यक्त गर्नु भयो ।
(३) कर्मचारीलाई पर्याप्त तालिमको व्यवस्था गर्नु पर्ने सुझाव दिनु भयो ।



Machhapuchchhre Bank Ltd. Head Office

(४) वित्तीय अनुशासनमा बैंक अव्वल रहेकोमा गौरव लागेको धारणा व्यक्त गर्नु भयो ।
(५) बैंकको ब्राण्ड सबल रहेको र पछि सम्म सबल रहने सुभेच्छा व्यक्त गर्नु भयो ।
(६) बैंकले वितरण गर्न लागेको बोनस तथा नगद लाभांश यथाशिघ्र सेयरधनीलाई पुग्ने वातावरण बनाउन सुझाव दिँदै बैंकको प्रगतिका लागि शुभेच्छा व्यक्त गर्नुभयो ।

**४. श्री डमरु बल्लव घिमिरे**

(१) अहिलेको संक्रमण बीच बैंकले साधारण सभा गर्न सक्नु भएकोमा तथा सभामा धारण राख्न समय दिनु भएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।
(२) बैंकले साधारण सभा समयमा नै गर्नु पर्नेमा जोड दिनु भयो ।
(३) बैंकले कोभिडका बीच लगानीकर्तालाई प्रतिफल दिनु सक्नु भएको धन्यवाद ज्ञापन गर्नु भयो ।
(४) बैंक सञ्चालनमा आएको लामो अवधि भइसकेको परिवेशमा बैंकले कम्तीमा १५/२० प्रतिशत लाभांश दिन सक्नुपर्ने र सो अनुरुप बैंकलाई अगाडि बढाउन शुभकामना व्यक्त गर्नु भयो ।
(५) बैंकको व्यवस्थापन प्रमुखमा अनुभवी व्यक्तिलाई छनौट गर्नु भएकोमा संचालक समितिलाई धन्यवाद व्यक्त गर्नुभयो ।
(६) व्यवसाय बृद्धि गर्दै लाभांश बढाउने तर्फ बैंक व्यवस्थापन सवल रुपमा अगाडी बढ्न सुझाव दिनु भयो ।
(७) बैंकको शाखा संजाल विस्तार गर्न तथा अन्य बैंक वित्तीय संस्थालाई एक्विजिसन् मार्फत बैंकमा समाहित गर्न सुझाव व्यक्त गर्नु भयो ।
(८) बैंकका पूर्व अध्यक्षज्यूको निधन प्रति श्रद्धासुमन व्यक्त गर्नुभयो ।
(९) बैंकको उत्तरोउत्तर सफलताको कामना गर्नुभयो ।

**५. श्री चन्द्र नारायण श्रेष्ठ**

(१) धारणा राख्ने अवसर दिनु भएकोमा धन्यवाद दिदै विश्वमहामारीका बीच पनि बैंकले १०.४० प्रतिशत लाभांश प्रस्ताव गरेकोमा खुसी व्यक्त गर्नु भयो ।
(२) बैंकको कर्मचारी खर्च, ओभर हेड खर्च बढेको देखिएकोले सो तर्फ ध्यानाकर्षण गराउनु भयो ।
(३) बैंकको व्यापार अभिबृद्धिमा चुनौतीहरु बढेको र त्यसलाई न्यूनिकरण गर्न भावी चुनौती समाना गर्न उचित उपकरणहरु अवलम्बन गर्न सुझाव व्यक्त ।
(४) बैंकको प्रगति राम्रै रहेको भएतापनि प्रतिफल अघिल्लो वर्ष भन्दा कम भएको हुँदा सोतर्फ ध्यान पुऱ्याउन सुझाव दिनु भयो ।
(५) नाफा अनुरुप बैंकले सामाजिक कार्यहरु समेत संगसगै अगाडि बढाएकोमा धन्यवाद दिनु भयो ।

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको सम्बन्धमा सभापतिज्यूको अनुमतीले प्रमुख कार्यकारी अधिकृत श्री सन्तोष कोइरालाले दिनु भएको प्रत्युत्तर :**

सेयरधनी महानुभावहरुले अत्यन्तै रचनात्मक एवं महत्वपूर्ण सुझाव तथा सल्लाह दिनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै सेयरधनी महानुभावहरुबाट व्यक्त जिज्ञासाहरुको सम्बन्धमा निम्न बमोजिम स्पष्ट पार्नु भयो ।

(१) सबल उत्कृष्ट एवं विस्तारित भन्ने मूल नाराका साथ देशका सातै प्रदेशमा १६० वटा शाखा कार्यालयहरु, १३३ शाखारहित बैंकिङ्ग सेवा, ५ एक्टेन्सन काउण्टर, १९९ एटिएम मार्फत १५०० भन्दा बढी कर्मचारीहरुद्वारा ९ लाख भन्दा बढि सन्तुष्ट ग्राहकहरुलाई उत्कृष्ट सेवा प्रदान गरिरहेको माछापुच्छ्रे बैंक लिमिटेडको २२ औं वार्षिक साधारण सभा आयोजना गरिरहँदा उल्लेखनीय उपलब्धीहरु हासिल गरिसकेको छ ।

(२) पोखराबाट स्थापित भई बाईसौं वर्षमा आई पुग्दा बैंक स्मार्ट बैंकको रुपमा स्थापित भएको छ ।

(३) पछिल्लो केही समय देखि डिजिटाईजेशन तथा पेपरलेस वातावरणमा बैंक संचालन गर्ने पक्षमा जोड दिइएको छ । जस अर्न्तगत Document Mangement System (DMS) पूर्ण रुपमा लागु गरिसकिएको र Loan Origination System(LOS) आंशिक रुपमा लागु गरिसकिएको छ ।

(४) Green Pin, QR code, Online banking, Mobile banking जस्ता डिजिटल प्रविधिलाई प्राथमिकता दिईएको र संसारको जुनसुकै ठाउँबाट अनलाईन मार्फत वचत तथा मुद्दती खाता खोल्न सकिने व्यवस्था गरिएको र अन्य थुप्रै डिजिटल सेवाहरु सञ्चालनमा ल्याईएको छ ।

(५) बैंकले स्मार्ट टेलर तथा विच्याट मार्फत भुक्तानी सेवा समेत भित्र्याएको छ ।

(६) कोभिडको प्रकोपले आ.व.को अन्तिम त्रैमासमा अर्थतन्त्रमा परेको असरका कारण लक्ष्य अनुरुप सफलता हासिल गर्न नसकिएकोले खुद मुनाफा खुम्चिएको भएतापनि १०.४० प्रतिशत लाभांश दिन बैंक सफल भएको छ ।

(७) चुस्त दुरुस्त कर्मचारीवर्ग, अनुभवी संचालक समितिको मार्गदर्शनका कारण बैंक पूर्ण रुपमा कम्प्लाईड बैंकको रुपमा स्थापित भएको छ ।

(८) संस्थागत सुशासनमा बैंकले कुनै सम्झौता नगर्ने र नेपाल राष्ट्र बैंकबाट जारी नीति निर्देशन पूर्ण रुपमा परिपालना गर्ने गरिएको छ ।

(९) सामाजिक उत्तरदायित्व अर्न्तगत बैंकले हरेक प्रदेश सरकारलाई सहयोग गरेको र वित्तीय साक्षारताका लागि समेत कार्य गर्दै आएको छ ।

(१०) पर्यटन बाहेक अन्य क्षेत्र कृषि, हाइड्रो, मध्यम स्तरका व्यापार व्यवसाय लगायतका क्षेत्रमा प्राथमिकतामा राखी लगानी अभिबृद्धि गरिएको छ ।

(११) कोभिडबाट प्रभावित लगानी क्षेत्रको सम्बन्धमा सेयरधनी महानुभावको जिज्ञासा सम्बन्धमा बैंकले अतिप्रभावति क्षेत्र (होटेल तथा पर्यटन लगायत) मा ६ प्रतिशत अर्थात ५ अर्ब ६५, मध्यम प्रभावित क्षेत्र ( यातायात क्षेत्र लगायत) मा २१ प्रतिशत अर्थात रु. १९ अर्ब ७६ करोड तथा न्यून प्रभावित क्षेत्रमा ६.४६ प्रतिशत अर्थात रुं ९ अर्ब जति लगानी रहेको छ ।

(१२) मर्जर एक्विजिशन सम्बन्धमा सेयरधनीहरुको सल्लाह सुझाव अनुरुप अगाडी बढ्न बैंक प्रतिवद्ध रहेको छ ।



Machhapuchchhre Bank Ltd. Head Office

(१३) सेयरधनीहरुको सुझाव अनुरुप प्रविधि मैत्री हुने गरी कर्मचारीहरुलाई तालिम प्रदान गरिँदै आएको छ, जस अनुसार अनलाई प्रविधिबाट बैंक भित्रै आन्तरिक रुपमा तथा बाह्य संस्थाको सहयोगमा पनि कर्मचारीहरुलाई नियमित रुपमा तालिम दिईएको छ ।

(१४) बैंकको ग्राहकवर्गलाई दिईने सेवामा कुनै पनि सम्झौता नगर्ने तथा कुनै कमी कमजोरी रहे सच्याउँदै जाने नीति बैंकले अवलम्बन गरेको छ ।

(१५) सभाले पारित गरेको नगद लाभांश तुरुन्त सेयरधनीहरुलाई उपलब्ध हुने व्यवस्था गरिने छ ।

(१६) वित्तीय सुशासन तर्फ शुन्य सहनशिलताको सिद्धान्त अवलम्बन गरिएको छ ।

(१७) बैंकले वार्षिक साधारणसभा गर्नको लागि नेपाल राष्ट्र बैंकबाट समयमा नै स्विकृति लिई दशैं अगाडी नै साधारण सभा सम्पन्न गर्ने योजना बनाइएकोमा तत्कालिन परिस्थितमा कोभिडको कारण स्वास्थ्य जोखिम बढेको कारणले मात्र साधारण सभा केही समय पछाडि सारिएको हो ।

(१८) अहिलेको परिस्थितीमा प्रतिफल तुरुन्त लिने भन्दा बैंकलाई सबल बनाउनु पर्ने पक्ष बढी महत्वपूर्ण रहेको महसुस गरी मुनाफाबाट १० करोड रकम रिटेन अर्निङमा राखिएकोले लाभांशमा थोरै कमी भएको हो ।

(१९) नियमनकारी निकायको निर्देशन अनुसार कोभिड प्रभावितलाई सहुलिईयत दिईएको छ । जस अनुसार प्रभावित ऋणीले चैत्र मसान्त भित्र व्याज तिरेमामा १० प्रतिशत छुट दिनु पर्ने प्रावधान अर्न्तगत रु. १ करोड ३६ लाख, त्यसैगरी २ प्रतिशत सम्पूर्ण कर्जामा छुट दिनुपर्ने प्रावधान अर्न्तगत रु ३४ करोड र डिजिटल प्रोडक्ट तथा एटिएममा शुल्क लिन नपाउने प्रावधान अर्न्तगत ७ करोड जति गरी जम्मा करिब रु. ४३ करोडले बैंकको आम्दानी घटेको छ ।

(२०) बैंकले सामाजिक उत्तरदायित्व अर्न्तगत गरेको सहयोग तर्फ कोभिड नियन्त्रणका लागि बैंकले संघीय सरकारलाई रु ५१ लख, सातवटै प्रदेश सरकारलाई ५ लाखका दरले ३५ लाख प्रदान गरेको, त्यसैगरी विभिन्न स्थानमा हात धुनको लागि पानी ट्यांकी राख्न ३५ लाख जति सहयोग गरेको छ । यस बाहेक पनि अन्य थुप्रै सहयोग गरिएको र यसलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

(२१) शाखा विस्तारका क्रममा २९१ कर्मचारी एकैपटक थप भएकोले गर्दा कर्मचारी खर्चमा केही बृद्धि भएको छ ।

(२२) अन्तमा बैंकका अभिभावक पूर्व अध्यक्ष तथा प्रतिनिधी सभाका माननिय सांसद सूर्य बहादुर के.सी.को निधन प्रति समवेदना व्यक्त गर्दै सभामा सहभागी भई सल्लाह सुझाव दिने शेयरधनी महानुभाव, अथिति वर्ग, कर्मचारी वर्ग तथा सम्बद्ध सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

## १२. सभाको निर्णय :

**क. सामान्य प्रस्ताब :**

१. छलफलको लागि सभामा प्रस्तुत प्रस्ताव नं. १ बमोजिम आर्थिक वर्ष २०७६/७७ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी सभापतीज्यूले निर्णयार्थ राख्नु भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गर्‍यो ।

२. प्रस्ताव नं १ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरुलाई पारित गरियोस् भनी सभापतीज्यूले प्रस्ताव राख्नु भएपछि छलफल पश्चात् सभाले सर्वसम्मतिबाट पारित गर्‍यो ।



Machhapuchchhre Bank Ltd. Head Office

३. प्रस्ताव नं. ३ बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा लेखापरीक्षण समितिले कम्पनी ऐन, २०६३ को दफा १६५ (घ) मा भएको व्यवस्था एवम् बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६१ (ङ) मा भएको व्यवस्था बमोजिम तीन जना लेखापरीक्षकको नाम सिफारिस गर्नु पर्ने सम्बन्धमा लेखा परिक्षण समितिबाट माग भए अनुसार बैंकमा प्राप्त भएका प्रस्तावहरुको प्राविधिक मूल्याँकनका आधारमा अध्ययन गर्दा बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, लेखापरीक्षण फर्ममा कार्यरत साझेदार FCA/CA हरुको संख्या, अन्य कर्मचारीहरुको संख्या, योग्याता र अनुभव, आफ्नो कार्यक्षेत्रमा हासिल गरेको ख्याति, लेखापरीक्षण शुल्क आदि समेतको आधारमा सिफारिस भएका तीनवटा फर्महरु M/S SAR & Associates, M/S M. Khanal & Company र M/S Joshi & Bhandari मध्येबाट आ.ब. २०७७/७८ को लागि बाह्य लेखापरीक्षण लगायत Tax Audit, Long Form Audit Report (LFAR), कम्पनी ऐन, २०६३ को दफा ७८ को प्रतिवेदन प्रमाणीकरण, धितोपत्र बोर्डले तोके बमोजिम संस्थागत सुशासन सम्बन्धी वार्षिक प्रतिवेदन प्रमाणीकरण गर्ने लगायत Statutory Auditor ले गर्नु पर्ने सम्पूर्ण कार्यहरुको लागि कूल लेखापरीक्षण शुल्क भ्याट वाहेक रु. १६,५०,०००/– मात्र पारिश्रमिक दिने गरी तथा अन्य विविध खर्चहरु वास्तविक बिल अनुसार भुक्तानी गर्ने गरी बाह्य लेखापरिक्षक नियुक्ती गर्न सभापतिज्यूको अनुमतिले लेखापरीक्षण समितिको तर्फबाट लेखापरीक्षण समितिका संयोजक श्री मुकुन्द महतज्यूले बार्षिक साधारण सभामा प्रस्ताव पेश गर्नु भयो ।

उल्लेखित प्रस्ताव उपर सभामा विस्तृत छलफल भई उल्लेखित ३ वटा फर्महरुले प्रस्ताव गरेको पारिश्रमिक तथा बैंकिङ्ग क्षेत्रमा लेखापरीक्षण गरेको अनुभव, लेखापरीक्षण फर्ममा कार्यरत साझेदार FCA/CA हरुको संख्या, अन्य कर्मचारीहरुको संख्या, योग्यता र अनुभव, आफ्नो कार्यक्षेत्रमा हासिल गरेको ख्याति आदि समेतका आधारमा मूल्यांकन गर्दा M/S SAR & Associates उत्कृष्ट देखिएको हुँदा सोही फर्म अर्थात M/S SAR & Associates लाई प्रस्ताव बमोजिम कूल लेखापरीक्षण शुल्क भ्याट वाहेक रु. १६,५०,०००/– मात्र पारिश्रमिक दिने गरी तथा अन्य विविध खर्चहरु वास्तविक बिल अनुसार भुक्तानी गर्ने गरी आर्थिक वर्ष २०७७/७८ को लागि बैंकको वाह्य लेखापरीक्षकमा नियुक्ती गर्न सर्वसम्मतिबाट पारित गरियो ।

४. प्रस्ताव नं ४ बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम बोनस सेयर तथा नगद लाभांशमा लाग्ने कर सहित रु. २८,५०,६४,७४४.०० (अर्थात चुक्ता पूँजीको ३.३७ प्रतिशतका दरले) नगद लाभांश वितरण गर्न पारित गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. प्रस्ताव नं ५ बमोजिम सर्वसाधारण समूहका शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा बैंकको नियमावली तथा संचालक निर्वाचन कार्यविधि निर्देशिका अनुसार सभालाई निर्वाचन कार्यक्रमको जानकारी गराउन तथा निर्णयार्थ सभामा पेश गर्न निर्वाचन अधिकृत श्री गोविन्द कुमार श्रेष्ठलाई सभापतीज्यूले अनुरोध गर्नुभयो ।

निर्वाचन अधिकृतज्यूले निर्वाचनमा अपनाईएका प्रक्रिया तथा समय तालिका बारे विस्तृत जानकारी गराँउदै तोकिएको समयावधिमा निम्न ३ (तीन) जना उम्मेदवारहरुले मनोनयन पत्र दाखिला गराउनु भएको जानकारी गराउनु भयो ।

| क.सं. | उम्मेदवारहरुको नाम, थर | डिम्याट नं. |
|---|---|---|
| १. | जय मुकुन्द खनाल (डि.वि.एस इन्टरनेशनल प्रा.लि.का तर्फबाट) | १३०१६१०००३३८७३२ |
| २. | विश्व प्रकाश गौतम | १३०१३००००००४३८१९ |
| ३. | सृजना कार्की भट्टराई (गैरे इक्युटी इन्भेष्टमेण्ट प्रा.लि.को तर्फबाट) | १३०१५५००००१९९८९१ |



Machhapuchchhre Bank Ltd. Head Office

सर्वसाधारण समूहका सेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने सम्बन्धमा जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो, त्यति नै संख्याको मात्र उम्मेदवारी परेको हुँदा उल्लेखित ३ (तीन) जना नै उम्मेदवारहरु निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन अधिकृतले घोषणा गर्नु भएकोमा सोलाई साधारण सभाले सर्वसम्मतिले पारित गर्‍यो । निर्विरोध निर्वाचित हुनुभएका उल्लेखित संचालकज्यूहरुलाई सञ्चालक समितिका पदाधिकारीहरु, निर्वाचन अधिकृत, बैंक व्यवस्थापन तथा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरुले बधाई एवं स्वागत गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो।

**ख. विशेष प्रस्ताव :**

१. विशेष प्रस्ताव नं. १ बमोजिम बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ५९,४६,१६,९३१.०० (अर्थात चुक्तापूँजीको ७.०३ प्रतिशत) बराबरको बोनस शेयर वितरण गर्न स्वीकृत गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. विशेष प्रस्ताव नं २ बमोजिम माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर वा प्राप्ती - एक्विजसन) तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लाग मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न, बैदेशिक साझेदारीमा जाने सम्बन्धी निर्णय गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनी सभापतीज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

३. विशेष प्रस्ताव नं ३ बमोजिम निम्न विषयहरुका सम्बन्धमा बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गरियोस् भनि सभापतिज्यूले राख्नु भएको प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**प्रबन्धपत्र**

**दफा २(१)** : यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं २, लाजिम्पाटमा रहनेछ ।

**दफा ४(प)** : नेपाल भित्र वा विदेशमा विनिमयपत्र, चेक वा अन्य वित्तीय उपकरणद्वारा रकम पठाउने वा चलान गर्ने, सुन, चाँदी, सेयर, डिबेन्चर, बण्ड आदि खरिद बिक्री गर्ने र सेयरको लाभांश तथा प्रतिज्ञापत्र, डिबेन्चर, बण्ड आदिको ब्याज असुल उपर गर्ने ।

**दफा ४(फ)** : ग्राहकको निमित्त कमिशन एजेण्ट भई सेयर, डिबेन्चर वा सुरक्षणको जिम्मा लिने, खरिद बिक्री गरिदिने, सेयरको लाभांश, डिबेन्चर वा सुरक्षणको ब्याज आदि उठाई दिने र सो को लाभांश, मुनाफा वा ब्याज नेपाल भित्र वा विदेशमा समेत पठाउने ।

**दफा ४(कच)** : प्रचलित कानून बमोजिम सम्बन्धित निकायको स्वीकृति लिई केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम निक्षेप सदस्यको रुपमा कार्य गर्ने ।

**दफा ४(कझ)** : प्रचलित धितोपत्र सम्बन्धी ऐन, नियम र कानुनी व्यवस्था तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही सामुहिक लगानी कोष (म्युचुअल फण्ड) संचालन गर्ने ।



Machhapuchchhre Bank Ltd. Head Office

**दफा ५(ख)** : बैंकले तत्काल जारी गर्ने सेयर पूँजी न्युनतम रू. ९,०५,३०,९४,६३१/– (अक्षेरुपी नौ अर्ब पाँच करोड तीस लाख चौरानब्बे हजार छ सय एकतीस मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ९,०५,३०,९४६.३१ (नौ करोड पाँच लाख तीस हजार नौ सय छयालिस दशमलव एकतीस थान) साधारण सेयरमा विभाजित गरिएकोछ ।

**दफा ५(ग)** : बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रू. ९,०५,३०,९४,६३१/– (अक्षेरुपी नौ अर्ब पाँच करोड तीस लाख चौरानब्बे हजार छ सय एकतीस मात्र) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ९,०५,३०,९४६.३१ (नौ करोड पाँच लाख तीस हजार नौ सय छयालिस दशमलव एकतीस थान) साधारण सेयरमा विभाजित गरिएकोछ ।

**नियमावली**

**नियम २(१)** : यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय बाग्मती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं २, लाजिम्पाटमा रहनेछ ।

**नियम ४(३)** : यस बैंकको वार्षिक साधारण सभा गर्नका लागि सञ्चालक समितिको बहुमतले निर्णय गरी सञ्चालक समितिको अध्यक्षले कम्तिमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै साधारण सभा हुने ठाउं, मिति र छलफल गर्ने विषय खोली सबै सेयरधनीलाई सूचना दिइने छ । बैंकको वार्षिक साधारण सभा भिडियो कन्फ्रेन्स वा त्यस्तै प्रकारको अन्य विद्युतीय प्रविधि प्रयोग गरेर समेत बस्न सकिनेछ ।

**नियम ६(९)** : साधारण सभामा पेश नभएका प्रस्ताव उपर निर्णय गर्न पाइने छैन । तर कम्पनी ऐनमा अन्यथा लेखिएको बाहेक साधारण सभामा मतदान गर्न पाउने जम्मा सेयरको सतसठ्ठी प्रतिशत सेयरलाई प्रतिनिधित्व गर्ने सेयरधनीहरु स्वयं वा प्रतिनिधि मार्फत उपस्थित भई कुनै विषयमा निर्णय भएमा कुनै नयाँ प्रस्ताव प्रस्तुत गर्न सकिनेछ ।

**नियम १०(२)** : सञ्चालक समितिको बैठक भिडियो कन्फ्रेन्स वा त्यस्तै प्रकारको अन्य विद्युतीय प्रविधि प्रयोग गरेर समेत बस्न सकिनेछ । सञ्चालक समितिको बैठकमा सञ्चालकहरु स्वयम् उपस्थित हुनु पर्नेछ ।

**नियम १०(६)** : सञ्चालक समितिको बैठक वर्षमा कम्तिमा बाह्र पटक बस्नु पर्नेछ । तर दुई वटा बैठकको बीचको फरक ६० दिन भन्दा बढी हुने छैन ।

**नियम २९(२)** : सञ्चालकले यस नियमालीमा लेखिए देखि बाहेक कुनै व्यक्तिगत फाइदा वा सुविधा लिएको पाइएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानून बमोजिम कसुर गरेको मानी त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ ।

**नियम ३५(२)** : उपनियम (१) बमोजिम लाभांश वितरण नगरेमा दश प्रतिशतका दरले लाभांशको व्याज समेत दिनु पर्नेछ ।

**नियम ३६(४)** : बैंकमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मञ्जुरीले बाहेक अन्य कुनै व्यक्तिलाई दिइने छैन ।

ग. **बिविध ।**

विविध अन्तर्गत केही विषय नभएकोले कुनै छलफल भएन ।



Machhapuchchhre Bank Ltd. Head Office

## १३. सभापतिज्यूबाट सभाको विसर्जन :

सभाको अन्त्यमा सभापतिज्यूले यस सभाको सूचनासाथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत्त रुपमा पारित भएको घोषणा गर्नु भयो । सर्बसाधारण समूहका शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्दै संचालक समितिमा श्री जय मुकुन्द खनालज्यू (डि.वि.एस इन्टरनेशनल प्रा.लि.का तर्फबाट), श्री विश्व प्रकाश गौतमज्यू र श्री सृजना कार्की भट्टराई (गैरे इक्युटी इन्भेष्टमेण्ट प्रा.लि.को तर्फबाट) निर्विरोध निर्वाचित हुनु भएको हुँदा नवनिर्वाचित संचालकहरुलाई हार्दिक बधाई एवं स्वागत गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो ।

सभाको अन्त्यमा अध्यक्षज्यूले सभामा भौतिक रुपमा तथा भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) मार्फत सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहाद्रपूर्ण वातावरणमा सम्पन्न गरी दिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, बैंकलाई निरन्तर सहयोग एवं मार्गदर्शन प्रदान गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेञ्ज तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नु भयो । साथै, बैंकको व्यवस्थापन तथा समस्त कर्मचारी वर्गको लगनशिलता र समर्पित सेवाभावको उच्च प्रशंसा गर्दै आजको यो बाईसौं वार्षिक साधारण सभाको कार्यक्रम समाप्त भएको घोषणा गर्नु भयो ।

..................
टिका भट्टराई
कम्पनी सचिव

Machhapuchchhre Bank Ltd. Head Office

..............................
डा. बिरेन्द्र प्रसाद महतो
सभाका सभापति/अध्यक्ष